# खैरहनी नगरपालिकाको

## जोखिममा परेका हिंसा पिडित महिला, किशोरी र बालिकाहरुको लागि अल्पकालिन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि २०७८

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाग्मती प्रदेश

**प्रमाणीकरण गर्ने**

**लालमणी चौधरी 'प्रमुख'**

**मिति :** २०७८/ १२ /१८

# खैरहनी नगरपालिकाको
# जोखिममा परेका हिंसा पिडित महिला,किशोरी र बालिकाहरुको लागि अल्पकालिन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि २०७८

प्रस्तावना

लैङ्गिक हिंसाबाट पिडित तथा प्रभावित महिला, किशोरी तथा बालिकाहरुलाई उद्धार, स्वास्थ्य उपचार, शारीरिक तथा मानसिक उपचार, मनोसामाजिक विमर्श, कानूनी उपचार, सीप तथा क्षमता विकासको माध्यमद्धारा संरक्षण प्रदान गरी सामाजिक न्याय प्रदान गर्न तथा सामाजिक रुपमा पुनस्थापना र पारिवारीक पनुर्मिलन गराउनु अति आवश्यक देखिएकाले घरेलु हिंसा कसुर र सजाँय ऐन २०६६ को दफा ११ (१) मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी खैरहनी नगर कार्यपालिकाले जोखिममा परेका हिंसा पिडित महिला तथा बालिकाहरुका लागि पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि २०७८ जारी गरेकोछ।

**परिच्छेद -१**

**संक्षिप्त नाम, परिभाष र उद्धेश्य**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जोखिममा परेका हिंसा पिडित महिला तथा बालिकाहरुका लागि अल्पकालिन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७८" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट परीत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

(२) **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"मन्त्रालयः"** भन्नाले, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्फनु पर्दछ।

(ख) **"ऐन"** भन्नाले घरेलु हिंसा कसुर र सजाँय ऐन, २०६६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ सम्फनु पर्दछ।

(ग) **"नगरपालिका"** भन्नाले खैरहनी नगरपालिकालाई सम्फनु पर्दछ।

(घ) **"कार्यविधि"** भन्नाले जोखिममा परेका हिंसा पिडित महिला तथा बालिकाहरुको लागि अल्पकालिन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि २०७८" सम्फनु पर्दछ।

(ङ) **"प्रमुख"** भन्नाले खैरहनी नगरपालिको नगर प्रमुख सम्फनु पर्दछ।

**(च) "उपप्रमुख"** भन्नाले खैरहनी नगरपालिको उपप्रमुख सम्फनु पर्दछ।

**(छ) "वडा अध्यक्ष"** भन्नाले खैरहनी नगरपालिको वडा अध्यक्ष सम्फनु पर्दछ।

**(ज) "कार्यालय "** भन्नाले खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्फनु पर्दछ।

**(झ) "केन्द्र "** भन्नाले ऐनको दफा ११ (१ बमोजिम सञ्चालित जोखिममा परेका हिंसा पिडित महिला, किशोरी र बालिकाहरुका लागि सञ्चालन गरिएको अल्पकालिन पुनस्थापना केन्दलाई सम्फनु पर्दछ। यो शव्दले पिडितहरुको उद्धार, संरक्षण, हेरचाह तथा पुनर्लाभ गर्ने उद्देश्यले सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएका विभिन्न आवधिक गृह समेतलाई जनाउछ।

(ञ) **"व्यवस्थापन समिति "** भन्नाले केन्द्रको व्यवस्थापनको लागि कार्यविधिको दफा ९ बमोजिम गठित समितिलाई सम्फनु पर्दछ।

**(ज) "समिति "** भन्नाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्फनु पर्दछ।

**(झ) "पिडित"** भन्नाले कुटपिट, यौन शोषण, दाईजोसंग सम्बन्धित हिंसा, बलात्कार, एवं बैबाहिक बलत्कार, जबरजस्ती करणीबाट गर्भधारण, यातना, परम्परागत प्रचलनको नाममा महिला तथा बालिका माथि दुर्व्यवहार, श्रीमान् वा श्रीमान्का नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसंग सम्बन्धित हिंसा, कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार, मानव अंगको किनवेच एवं जबरजस्ती रुपमा गरिने देह व्यापार, बालविवाह, बालश्रम, घरेलुहिंसा आदिबाट पिडित तथा प्रभावितलाई सम्फनु पर्दछ।

(ञ) **"केन्द्रीय कोष"** भन्नाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली २०६७ बमोजिमको बोषलाई सम्झनु पर्दछ ।

(ट) **"जिल्ला कोष"** भन्नाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली २०६७ बमोजिमको जिल्ला राहतकोषलाई सम्झनु पर्दछ ।

(ठ) **"साधारणसभा"** भन्नाले सुरक्षीत बास सञ्चालनको लागि दफा १२ बमोजिम कुनै संघसंस्थालाई जिम्मा दिईएको अवस्थामा त्यस्तो संघ वा संस्थाको वार्षिक साधारणसभालाई सम्झनु पर्दछ ।

(३) **उद्देश्य:**

(क) लैङ्गिक हिंसा पिडित तथा प्रभावित महिला, बालिका तथा किशोरीका लागि आपतकालिन पर्याप्त, सुरक्षित र संरक्षित वातावरणमा आवासीय हेरचाह सुविधा प्रदान गर्न,

(ख) पिडितहरुलाई शारीरिक तथा मानसिक उपचार गराउन, कानूनी सहायता, मनोसामाजिक विमर्श मार्फत सामान्य जीवनमा फर्कन सहयोग प्रदान गर्न,

(ग) पिडितहरुलाई आवश्यकतानुसार शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि गर्न,

(घ) पिडितहरुलाई विउ पुँजी प्रदान गरी स्वरोजगार तथा आत्मनिर्भर बन्न प्रेरित गर्न,

(ङ) पिडितहरुको क्षमता विकास गरी परिवार तथा समाजमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन,

(च) पिडितहरुलाई पुन: पिडित हुनबाट जोगाई अधिकतम मात्रामा पुनर्लाभको स्थितिमा ल्याई उनीहरुको लागि दिगो र स्थायी अवसर सिर्जना गर्न,

(छ) पिडितहरुको व्यक्तिगत रुपमा उनीहरुको घटनाहरुका सम्बन्धमा योजना बनाई गुणस्तरीय संरक्षण र सहायता प्रदान गर्न,

(ज) पिडितहरुका लागि तालिम प्राप्त जनशक्तिको सहयोगात्मक र समन्वयात्मक तरिकाबाट लैङ्गिक संवेदनशिलता अपनाई बहुपक्षीय संरक्षण सेवा उपलब्ध गराउन,

(झ) पीडकलाई कानूनी सजाँय दिलाउन पिडितहरुलाई सहयोग गर्न,

(ञ) सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउन नसकिने खालका हिंसा पिडितहरुलाई क्षमता अनुसार व्यवसायिक तालिम प्रदान गरी बिउपुँजी समेत उपलब्ध गराई आत्मनिर्भरको लागि सक्षम बनाउने ।

**४. सुरक्षित आवास सेवा सञ्चालनको महत्व :**

पछिल्ला समयमा लैगिंक हिंसा र महिला, किशोरी तथा बालिकाहरु उपर हुने विभिन्न खाले हिंसाको सम्बोधन गर्नका लागि निर्माण भएका कानूनहरुमा सुरक्षित आवास सेवाको आवश्यक्ता उपर जोड दिइएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, घरेलु हिंसा कसुर तथा सजाँय ऐन २०६६ जस्ता ऐनहरुले सुरक्षित आवास सहयोग उपलब्ध गराउनका लागि सेवा केन्द्र सञ्चालनको प्रावधानलाई समावेश गरेको देखिन्छ । सुरक्षित आवास सेवाको व्यवस्था गर्न सकिएको खण्डमा घरबाट विस्थापित हुने डरले हिंसा सहेर बसी रहेका हिंसा पिडित महिला, किशोरी तथा बालिकाहरुमा हिंसाको विरुद्धमा आवाज बुलन्द बनाउँदै न्यायको खोजीमा बाहिर आउन मनोबल बढाउन सकिन्छ । त्यसै गरी विभिन्न खाले हिंसाका कारण अलपत्र परेका वा हिंसाका जोखिममा भएकाहरुलाई उद्धार गरी उनीहरुको दिगो व्यवस्थापन नहुन्जेल सम्मको अवधिका लागि सुरक्षित रुपमा बस्ने व्यवस्था मिलाउनका लागि पनि सुरक्षित आवास सेवा सहयोगी हुनेछ ।

यस नगरपालिकाले आर्थिक गतिविधिहरु मार्फत महिलाहरुको घरपरिवारको आर्थिक सशक्तिकरणमा टेवा पुर्‍याइरहेको सन्दर्भमा यस पालिकाले सामाजिक दायित्व अन्तर्गत लैगिंक हिंसा न्यूनीकरण र पिडित तथा प्रभावितहरुको न्यायमा पहुँचका लागि विविध कार्यक्रमहरुमा सहकार्य तथा सञ्चालन पनि गर्दै आएको छ । सुरक्षित आवास सेवाको टड्कारो आवश्यक्ता महशुस गर्दै यस पालिकाले सुरक्षित आवास सेवा सञ्चालन गर्नका लागि यो कार्यविधि तयार गरेको छ ।

**५. सुरक्षित आवास सेवा उपलब्ध गराइने अवधि :**

सामान्य अवस्थामा एक जना सेवाग्राहीलाई बढिमा १५ दिनसम्म सेवा उपलब्ध गराइने छ । सो अवधिमा यस संस्थाले सेवाका लागि सिफारिस गर्ने निकायसँगको सहकार्यमा निजको सामाजिक पुन:एकीकरणका लागि सहजीकरण गर्नेछ । कुनै सेवाग्राहीलाई लामो समयको सुरक्षित आवास सेवा आवश्यक देखिएको खण्डमा सो अनुसारको सेवा प्रदान गर्ने सेवा प्रदायकहरुसँगको सहकार्यमा व्यवस्थापन गरिनेछ ।

**६. सुरक्षित आवास सेवाका लाभग्राहीहरु:**

- लैगिंक हिंसाबाट प्रभावित महिला, बालिका तथा किशोरीहरु,
- असहाय र अलपत्र अवस्थामा फेला परी प्रहरीबाट सिफारिश गरिएका महिला, किशोरी तथा बालिकाहरु,
- प्रहरीमा उजुरी गर्न आएको र तत्काल घर फर्केर जान नसक्ने अवस्थामा रहेका महिला, किशोरी तथा बालिकाहरु,

- स्थानीय सरकारले संरक्षणका लागि सिफारिस गरी पठाएको महिला, किशोरी तथा बालिकाहरु,
- सेवाग्राहीका आश्रित बच्चाहरु

स्पष्टिकरण : आश्रित बच्चा भन्नाले सेवाग्राहीको साथमा रहेको १० वर्षसम्म उमेरको बच्चालाई जनाउनेछ ।

**७. निम्नानुसारका व्यक्तिहरुलाई सेवा प्रदान गर्न सकिने छैन् :**
सुरक्षित आवासको सीमित क्षमता र दक्षताका कारण देहाय बमोजिमका व्यक्तिहरुलाई सेवा उपलब्ध गराउन सकिने छैन् :

- मानसिक असन्तुलन भएका व्यक्तिहरु,
- अस्पतालमा भर्ना गरेर उपचारमा बस्नु पर्ने गम्भिर शारीरिक समस्या भएका व्यक्तिहरु,
- वृद्धा आश्रममा बस्नुपर्ने अवस्थामा रहेका महिलाहरु ।

तर आश्रममा बस्ने व्यवस्था मिलाउने क्रममा केही दिनका लागि सेवा उपलब्ध गराउनु परेमा स्थानीय सरकारको सिफारिस वा आश्रमका लागि चाजोपाजो मिलाइ रहेको आधिकारिक निकायको अनुरोधमा अल्पकालिन सेवा उपलब्ध गराउन सकिनेछ ।

**८. सेवा प्रवाहका लागि पूर्वाधारको न्यूनतम् मापदण्ड** : सुरक्षित आवास सेवा सञ्चालनका लागि आफ्नो भवनमा सेवा प्रवाहको व्यवस्था मिलाउनेछ । सुरक्षित आवास सेवा सञ्चालन गर्ने स्थानमा उपलब्ध हुने न्यूनतम् सेवा अनुसूची - १ बमोजिम हुनेछ ।

**९. सुरक्षित आवासमा उपलब्ध हुने खाना सम्बन्धी व्यवस्था :** दैनिक खानेकुराको व्यवस्था व्यवस्थापन समितिले तोके बमोजिम सुरक्षित आवास भित्रै वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी अनुसूची - २ बमोजिमको व्यवस्था मिलाईने हुनेछ ।

**१०. व्यवस्थापन समिति**
सुरक्षित आवास सेवाको सञ्चालनका लागि देहाय बमोजिमको पाँच जना सदस्य रहेको व्यवस्थापन समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | – संयोजक |
| (ख) | सामाजिक समितिको संयोजक | – सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) | नगर क्षेत्रभित्रको प्रहरी कार्यालयको प्रमुख | – सदस्य |
| (ङ) | महिला तथा बालबालीका शाखा प्रमुख | – सदस्य सचिव |

**११. व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार**

- सुरक्षित आवास सेवा सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्था गर्नका लागि संयोजन तथा नेतृत्व गर्ने ।
- सुरक्षित आवास सेवा सञ्चालनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी साधारण सभामा प्रस्तुत गर्ने ।
- सुरक्षित आवास सेवा सञ्चालनका लागि स्रोत जुटाउन पहल गर्ने ।
- सुरक्षित आवास सेवा सञ्चालनको नियमित रेखदेख तथा अनुगमन गरी आवश्यक सल्लाह तथा सुझावहरु दिने ।
- सुरक्षित आवास सञ्चालनमा आएका समस्याहरुको व्यवस्थापनका लागि आवश्यक पहल एवं सहयोग गर्ने ।
- नियमित रुपमा बैठक बसी सुरक्षित आवासको समिक्षा गरी आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गराउने ।
- सुरक्षित आवासमा आएका सेवाग्राहीहरुको सामाजिक पुन:एकीकरणका लागि आवश्यक सहजीकरण गर्ने ।
- सुरक्षित आवासमा कार्यरत् कर्मचारीहरुका क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने ।
- समितिको बैठक सम्बन्धी कार्यविधि बनाई सोही अनुसार अगाडि बढ्ने ।
- नगरसभामा सुरक्षित आवासको प्रगति प्रतिवेदन र आगामी बर्षको कार्ययोजना तयार गरी प्रस्तुत गर्ने ।

**१२.केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न संघसंस्था छनौट गरी जिम्मा दिन सक्ने :** केन्द्र सञ्चालनको लागि नगरपालिकाले कुनै संघसंस्था छनौट गरी निश्चित शर्तको आधारमा सञ्चालन गर्न जिम्मा दिन सक्नेछ । त्यसरी संस्था छनौट गर्दा देहाय बमोजिमका संस्थाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।
(क) महिला र बालबालिकासंग सम्बन्धित काम गर्ने संस्था
(ख) हिंसा पिडित महिला तथा बालबालिकाहरुको उद्दार तथा पूनर्स्थापनामा काम गर्ने संस्था,
(ग) मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था ।

**१३. मानव स्रोत**
सुरक्षित आवास सेवा सञ्चालनका लागि न्यूनतम् रुपमा निम्नानुसारका मानव स्रोतको व्यवस्था एवं परिचालन गरिनेछ :

- सुरक्षा गार्ड : एक जना (पूर्ण कालीन कर्मचारी)
- भान्सा एवं सरसफाईकर्मी : एक जना

- मनोविमर्शकर्ता : एक जना
- व्यवस्थापक : एक जना (पूर्ण कालीन कर्मचारी)

सुरक्षित आवास सेवा सञ्चालनका लागि कर्मचारीहरु पूर्णकालीन र आवश्यक्ता अनुसार आंशिक प्रकृतिको समेत लिन सकिनेछ।

**१४. सुरक्षित आवासद्धारा उपलब्ध गराइने सेवाको विवरण** : सुरक्षित आवासमा आएका सेवाग्राहीहरुलाई अनुसूची - ३ बमोजिमको सेवाहरु उपलब्ध गराउनेछ । अनुसूची ३ मा उल्लेखित सेवाहरुमा हिंसा प्रभावित महिलाहरुको सहज पहुँचका लागि संस्थाले सेवा प्रदायकहरुको नक्सांकन गरी सो सेवा प्रदायकहरुसँग समन्वय एवं सहकार्यका लागि आवश्यक व्यवस्था मिलाउन हरसम्भव प्रयास गर्नेछ ।

**१५. सेवा सञ्चालनको न्यूनतम् आचारसंहिता** :

- सेवाग्राहीलाई ममतामय, समानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गरिनेछ ।
- सेवाग्राहीको पहिचान एवं वैयक्तिक गोपनियता सम्बन्धी अन्य कुराहरुको गोप्यता कायम राख्ने कुरालाई सुनिश्चित गरिनेछ ।
- सुरक्षित आवास सेवा स्थलभित्र महिला कर्मचारीहरु मात्र परिचालन गरिनेछ ।
- सेवाग्राही बाहेक अन्य कुनै पनि व्यक्तिलाई सुरक्षित आवास भित्र प्रवेश गराइने छैन र भेटघाट तथा छलफलहरु गर्नु पर्ने भएमा सुरक्षा तथा न्यायका सम्बन्धित सेवा प्रदायकको कार्यालय वा संस्थाको कार्यालयमा गरिनेछ ।
- सेवाग्राहीलाई कुनै पनि किसिमको अप्ठयारो नहुने गरी आवश्यक परेमा मात्र स्थानीय सरकार र राज्यका अन्य सम्बन्धित निकायलाई मात्र सुरक्षित आवासको अनुगमन एवं सुपरिवेक्षणका लागि भित्र प्रवेश गर्ने व्यवस्था मिलाइने छ ।

**१६. अभिलेख**

सुरक्षित आवासमा देहाय बमोजिम अभिलेख राखिनेछ:

- सेवाग्राहीको नाम दर्ता किताब
- सेवाग्राहीको व्यक्तिको दैनिक हाजिरी किताब
- सेवाग्राहीको व्यक्तिगत गोप्य फायल जसमा सेवाग्राहीको सबै व्यक्तिगत परिचयात्मक विवरण, समस्या सम्बन्धी विवरण, उपलब्ध गराइएका सेवा एवं सहयोगहरु सम्बन्धी विवरण, आदि अभिलेखहरु राखिनेछ ।
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टी गर्ने कागजात
- व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

**१७. स्रोतको व्यवस्थापन**

सुरक्षित आवास सेवा सञ्चालनका लागि स्रोतको व्यवस्थापन निम्नानुसारका माध्यमहरुबाट गरिनेछ :

- संस्थाको आन्तरिक कोष
- स्थानीय सरकारको सहयोग
- व्यक्तिगत दाताहरुको सहयोग
- नीजि क्षेत्रको सहयोग
- अन्य सरकार तथा संघसंस्थाको सहयोग
- दातृनिकाय तथा गैरसरकारी संघसंस्थाको सहयोग ।

**१८. प्रतिवेदन सम्बन्धी व्यवस्था**

- सुरक्षित आवास सेवा व्यवस्थापकले मासिक रुपमा व्यवस्थापन समितिलाई प्रगति प्रतिवेदन बुझाउनेछ ।
- व्यवस्थापन समितिले नगरसभामा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नेछ ।

**१९. विविध** :

व्यवस्थापन समितिले सेवा सञ्चालनलाई सहज बनाउनका लागि आवश्यक कार्यविधिहरु निर्माण गरी लागू गर्न सक्नेछ । त्यसरी निर्माण गरिएको कार्यविधि आगामी नगरसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

**२०. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछन् ।

**२१. कार्यविधिमा संशोधन** : यस कार्यविधिमा संशोधन गर्नु परेमा सुरक्षित आवास व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

अनुसूची – १
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
दफा ८ संग सम्बन्धित

**सेवा प्रवाहका लागि पूर्वाधारको न्यूनतम् मापदण्ड**

- भान्सा कोठा,
- खाना खाने स्थान,
- रेडियो तथा टि.भि. भएको मनोरञ्जन तथा छलफल गर्ने स्थान/कोठा,
- बालबालिकाका लागि केही खेल्ने सामाग्री,
- रेकर्डहरु सुरक्षित रुपमा राख्ने व्यवस्था भएको कार्यालय कक्ष,
- सेवाग्राहीहरु सुत्ने बेग्ला बेग्लै खाट,
- सबै स्थान तथा कोठाहरुमा बत्तीको राम्रो व्यवस्था भएको,
- सेवाग्राहीलाई प्रयोग गर्न सहज र सजिलो हुने खालको चर्पी तथा स्नान घर,
- सबै कोठामा पंखाको व्यवस्था,
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको,
- सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान,
- नुवाई-धुवाई तथा सरसफाईका लागि सामाग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादी,
- अग्नि नियन्त्रण उपकरण,
- सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा,
- प्राथमिक उपचार बाकस,
- सुरक्षित आवास व्यवस्थापक वा तोकिएको अन्य कर्मचारीको निगरानीमा रहने गरी टेलीफोनको व्यवस्था,
- कर्मचारीहरुका लागि छुट्टै बस्ने र सुत्ने कोठा ।

अनुसूची – २
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
दफा ९ संग सम्बन्धित

**सुरक्षित आवासमा उपलब्ध हुने खाना सम्बन्धी व्यवस्था**

- विहान चिया सँगै हल्का खाजा
- दिउँसो खाना
- अपरान्ह खाजा सँगै चिया
- बेलुकी खाना
- मांसाहारीका लागि सातामा एकपल्ट माछा मासु तथा शाकाहारीका हकमा सोको मुल्य बराबरी दुध, दही, फलफुल आदि,
- उमालेको वा शुद्धीकरण गरिएको खानेपानी ।

अनुसूची – ३
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
दफा १४ संग सम्बन्धित

**सुरक्षित आवासद्धारा उपलब्ध गराइने सेवाको विवरण**

- अल्पकालीन सुरक्षित आवास सेवा (संस्था आफैले उपलब्ध गराउने)
- लुगाको समस्या भएको सेवाग्राहीलाई एकसरो लगाउने लुगा उपलब्ध गराउने
- दैनिक सरसफाईका लागि आवश्यक पर्ने आधारभूत कुराहरु जस्तै साबुन, सर्फ, दाँत माँझ्ने ब्रस, पेस्ट, आदि सामाग्रीहरु उपलब्ध गराउने ।
- कानूनी परामर्श एवं सहयोगका लागिं जिल्ला कानूनी सहायता समिति, वैतनिक वकिल, प्रदेश कानूनी सहायता अधिकृत र अन्य सेवा प्रदायकसँग समन्वय गर्ने
- औषधि उपचार सहयोगका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र र अन्य सेवा प्रदायकसँग समन्वय गर्ने
- दीर्घकालीन सुरक्षा आवास सेवाका लागि सोही अनुसारका सेवा प्रदायकसँग समन्वय गर्ने
- सीपमूलक तालिम एवं जीविकोपार्जन सहयोगका लागि स्थानीय सरकार र अन्य सेवा प्रदायकहरुसँग समन्वय गर्ने
- मनोचिकित्सक सेवाका लागि सम्बन्धित सेवा प्रदायकसँग समन्वय गर्ने
- अन्य आवश्यक सहयोगहरु जुटाउनका लागि पहल एवं समन्वय गर्ने